मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/ akc.rautahat

सूचना नं. ०३/२०८३/८४

प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।।।

(प्रथम पटक प्रकाशित मितिः- २०८३/०६/०७)

यस कृषि ज्ञान केन्द्र, रौतहटको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सशर्त अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा **"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२"** को अधीनमा रही रौतहट जिल्लाका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र (मिति २०८३/०६/२७ गते) कृषि ज्ञान केन्द्र, रौतहट कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आह्वान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि वेबसाइट akcrautahat.madhesh.gov.np वा फोन नं. ०५५-५२०००१/९८५५०४०१२९/९८५५०८७७५७ मा सम्पर्क गर्न सकिनेछ। थप रीत नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

कार्यक्रम सञ्चालनको लागि न्यूनतम मापदण्ड/प्रासंगिक विषयहरु:

क.स.	न्यूनतम मापदण्ड/प्रासंगिक विषय	कैफियत
१	खुला जमिनमा प्राङ्गारिक कृषि उत्पादन (Open field cultivation) कार्यक्रम	एकल फर्म भए कम्तिमा ७.५ कट्ठा जमिन र सहकारी वा समूहमार्फत कम्तिमा ९० कट्ठा जमिनमा तोकिए बमोजिम खेती गर्नुपर्नेछ। क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गर्ने फर्म, समूह, सहकारीलाई प्राथमिकता दिइनेछ।
२	संरक्षित संरचनामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम	प्राङ्गारिक खेती गर्न बनाइएका प्राविधिक स्पेशिफिकेशन बमोजिमका पुराना संरचनाहरु सुधार तथा तोकिए बमोजिम नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराइने।
३	नमूना प्रदर्शन कार्यक्रम	न्यूनतम ९० कट्ठाको एक क्लस्टरमा कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीको लागत साझेदारीमा तोकिए बमोजिमका कियाकलाप सञ्चालन गरिने। छनौट गरीने कृषक समूह वा सहकारीका सदस्यहरू मध्ये पशुपालन गरेको सदस्यलाई प्राथमिकता दिइनेछ।

आवश्यक कागजात:

१. कार्यालयले तोकेको ढाँचा बमोजिम आवेदन र प्रस्तावना।
२. सम्बन्धित कृषक समूह/संस्था/फर्म को दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।
५. स्थानीय तहको कृषि विकास शाखा वा सम्बन्धित वडाको सिफारिस।
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने जग्गाधनी पुर्जाको प्रतिलिपी, सो पुर्जाको गत आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपी र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतानामा।
७. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र र समूह/संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।
८. आवेदकले दोहोरो पर्ने गरी यसै प्रकृतिको लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व-घोषणा पत्र।
१०. प्रतिबद्धता पत्र।
११. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु।

श्री सुरेन्द्र प्रसाद कुर्मी
नि. कार्यालय प्रमुख